प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**
**दाङ**

☎ ०८२-५६०१३०/५६००२५
ईमेल: akcdang@gmail.com
वेबसाईट: dang.akc.gov.np

## प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम सम्बन्धि प्रस्ताव आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७७/१०/२७ गते**

कृषि ज्ञान केन्द्र, दाङको आ.व. २०७७/७८ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार **प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम** रहेकाले सो कार्यक्रममा सहभागी हुन वा आफू मातहतका सदस्य कृषकहरुलाई संलग्न गराउन ईच्छुक नियमानुसार दर्ता भएका कृषक समूह वा सहकारी वा उद्यमी वा व्यवसायी वा कम्पनीले यो सूचना प्रकाशन भएका मितिले ३० दिन भित्र (मितिः २०७७/११/२६) यस कार्यालयमा तपशिलको विवरण सहित निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। साथै प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातको विवरण, निवेदनको ढाँचा तथा संक्षिप्त कार्ययोजना यस यस केन्द्रको वेवसाईट dang.akc.gov.np वा molmac.p5.gov.np वाट **उत्पादन प्रवर्द्धनमा आधारित कृषक सहयोग कार्यक्रम सञ्चालन कार्यविधि,** २०७६ डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

तपशिल,

| क्र.स | वालि वस्तुको विवरण | अनुदान दिने आधारहरु | आवेदकको किसिम | प्रमाणित गर्ने आधारहरु | अनुदानको सिमा | आवश्यक कागजातहरु |
|---|---|---|---|---|---|---|
| १ | आलु/प्याज/मसला/तरकारी वालि/फलफुल | - गत आ.व को कार्तिक महिनादेखि चालु आ.व को असोज मसान्त सम्म कम्तीमा प्रति सदस्य प्रति वर्ष १ मे.ट सम्म र प्रति सहकारी वर्षमा कम्तीमा ५० टन उत्पादन गरेको<br>- आफ्नै फर्ममा उत्पादन भएको हुनुपर्ने<br>- सहकारी/समुह/कम्पनीले आवद्ध कृषकको तर्फवाट प्रस्ताव पेश गर्न सक्ने | व्यवसायिक कृषक/समूह/कृषक सहकारी | खेति गरिएको विवरण र सम्बन्धित स्थानीय तहको खेत निरिक्षण सहितको प्राविधिक प्रतिवेदन, सहकारी /समूह/कम्पनिको खरिद अभिलेख , सहकारी /समूह / कम्पनी आफै विक्रि वितरण गर्ने भए विक्रि अभिलेख र थोक विक्रि गर्ने भए सम्झौताको प्रतिलिपि वा विक्रि गरेको पसलको नाम,ठेगाना र सम्पर्क नम्बर सहितको विवरण , तरकारी व्यवसायीबाट लिएको भुक्तानीको अभिलेख,सम्बन्धित कृषकको खातामा भुक्तानी गरेको अभिलेख | बढिमा प्रति के.जि रु २ का दरले प्रोत्साहन | -सहकारी वा संस्था वा कम्पनी दर्ता/नविकरणको प्रमाणपत्र<br>-कर चुक्ता प्रमाणपत्र<br>-संस्थाको हकमा गत वर्षको लेखापरिक्षणको प्रतिवेदन<br>-अनुसूची-२ बमोजिमको निवेदन<br>-अनुसूची-५ अनुसारको कार्ययोजना<br>-कार्यक्रम संचालन भएको स्थलको फोटोहरु<br>-सम्बन्धित स्थानिय तहको सिफारिस |
| २ | खाद्यान्न तथा तरकारी विउ | - गत आ.व को कार्तिक महिनादेखि चालु आ.व को असोज मसान्त सम्म खाद्यान्न,दलहन वा तेलहन विउ उत्पादन भएको हुनुपर्ने<br>- कृषक/कृषक समूहको हकमा प्रति सदस्य प्रति वर्ष कम्तिमा २०० के.जि, समुहको कम्तिमा १००० के जि , सहकारी संस्थाको हकमा कम्तिमा प्रति सदस्य ५०० के.जि प्रति वर्ष र प्रति सहकारी प्रति वर्ष कम्तिमा १००० के.जि श्रोत विउ उत्पादन गरी प्रमाणिकरण गरेको हुनुपर्ने<br>- उन्नत विउको हकमा | कृषक/कृषक समूह वा सहकारी | स्रोत विउ उत्पादन अनुमति पत्र वा विउ विजन उत्पादनमा संलग्नताको प्रमाण , स्रोत विउ वा मुल विउ खरिदको विल, विउ उत्पादनको पूर्व जानकारी फारम , खेत निरिक्षण गरेको प्रमाण, मान्यता प्राप्त प्रयोगशालाबाट विउ परिक्षण तथा प्रमाणिकरण गरेको प्रतिवेदन तथा प्रमाणहरु,<br>समूह/सहकारीले सदस्यहरुवाट विउ खरिद गरेको अभिलेख, सहकारीले आफै विक्रि गर्ने भए विक्रि अभिलेख र थोक विक्रि गर्ने भए सम्झौताको प्रतिलिपि वा विक्रि गरेको पसलको नाम,ठेगाना र सम्पर्क नम्बर सहितको विवरण , तरकारी व्यवसायीबाट लिएको भुक्तानीको अभिलेख,सहकारीवाट कृषकको खातामा | खाद्यान्न विउको हकमा स्रोत विउमा वढिमा प्रति के.जि रु ८, उन्नत विउमा बढिमा प्रति के.जि रु ५ र तरकारीको हकमा उन्नत विउमा बढिमा रु ५० | |

"स्वच्छ र सक्षम निजामती प्रशासन: समृद्धि र सुशासन"

सन्देश धिताल
प्रमुख
अधिकृत स्तर (नवौं तह)

प्रदेश सरकार
लुम्विनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**
दाङ

☎ ०८२-५६०१३०/५६००२५
ईमेल: akcdang@gmail.com
वेबसाईट: dang.akc.gov.np

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सदस्य प्रति वर्ष कम्तिमा ४०० के.जि र प्रति समूह कम्तिमा २००० के.जि र सहकारी संस्थाको हकमा प्रति सदस्य प्रति वर्ष कम्तिमा १००० के.जि र प्रति सहकारी प्रति वर्ष कम्तिमा १०००० के.जि उन्नत विउ उत्पादन गरी ट्यागिङ गरेको हुनुपर्ने<br>- तरकारी वालिको हकमा चालु आ.व भित्रै सरकारी फार्म केन्द्रहरुवाट उत्पादित श्रोत विउको प्रयोग गरी कृषक/कृषक समूह/सहकारीले कम्तिमा उन्नत स्तरको २५ के.जि विउ उत्पादन गरेको हुनुपर्ने<br>- स्वदेशमा नै विकास भई सूचिकृत भएका जातहरुमा मात्र यस्तो अनुदान उपलब्ध गराईने<br>- कृषकको आफ्नै फार्ममा उत्पादन भएको हुनुपर्ने<br>- समूह/सहकारीमा आवद्ध भएको कृषकहरु मात्र यस कार्यक्रममा सहभागि हुन योग्य हुने | | | | हकमा वार्षिक साधारण सभा भएको गत वर्षको प्रतिवेदन |

पुनश्चः थप जानकारीको लागि यस कार्यालयको सम्पर्क नम्बर ०८२-५६०१३० वा सम्पर्क व्यक्ति कृषि प्रसार अधिकृत श्री विनोद सुनार (फोन नं. ९८६८६२६३४३) लाई सम्पर्क गर्नुहुन अनुरोध छ ।

सन्देश धिताल
(प्रमुख)

सन्देश धिताल
प्रमुख
अधिकृत स्तर (नवौं तह)

[redacted]

"स्वच्छ र सक्षम निजामती प्रशासनः समृद्धि र सुशासन"